च.नं./Ref:

# प्रेस विज्ञप्ती

पेशागत महासंघ नेपाल राष्ट्रिय समितिको पाचौं पूर्ण वैठक २०७४।११।२४ र २५ गते काठमाडौंमा सम्पन्न भएको छ । महासंघका अध्यक्ष क विश्वनाथ प्याकुरेलको अध्यक्षतामा सम्पन्न उक्त वैठकमा ने क पा एमाले केन्द्रीय सचिव एवं मोर्चा संगठन प्रमुख क गोकर्ण विष्टको प्रमुख आतिथ्यता रहेको थियो । वैठकको प्रारम्भमा राष्ट्रिय सभामा निर्वाचित महासंघकी उपाध्यक्ष क उदया शर्मा र ७ नं प्रदेश सभामा निर्वाचित उपमहासचिव क पूर्णा जोशी लगायत पेसागत क्षेत्रमा क्रियाशिल रहदै हाल प्रतिनिधि सभा राष्ट्रिय सभा र विभिन्न प्रदेश सभा सदस्यमा निर्वाचित माननीय सदस्यहरुलाई महासंघको तर्फवाट बधाई तथा शुभकामना सहित सम्मान गरिएको थियो । त्यसैगरी वैठकमा मोर्चा संगठन प्रमुख क गोकर्ण विष्टले समसामयिक राजनीतिक विषयमा र पार्टी स्कूल विभागका सदस्य प्रा. डा. तत्व तिम्सिनाले Mind Mapping सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो । चौथो पूर्ण वैठक पश्चात भएका सांगठनिक गतिविधिहरुको गम्भीर समिक्षा गर्दै सांगठनिक तथा आर्थिक प्रतिवेदन सुझाव सहित पारित गरेको छ । वैठकले आगामी चैत्र देखि जेष्ठ सम्म ३ महिने संगठन सुदृढिकरण अभियान सञ्चालन गर्ने निर्णय गर्दै निम्न वमोजिम समसामयीक प्रस्ताव समेत पारित गरेको छ ।

**पारित प्रस्तावहरु :**

१. नेपाली जनताको झण्डै दुई तिहाई बहुमतका साथ बाम गठवन्धनको सरकार गठन भएकोमा महासङ्घ हार्दिक वधाई एवं शुभकामना ज्ञापन गर्दछ । जनतालाई परिवर्तनको अनुभूति हुने र वेरोजगारी न्यून हुने गरी जनमुखी कार्यक्रम सञ्चालन गर्न, राष्ट्र सेवक कर्मचारीहरुलाई समयोचित आर्थिक सुविधा प्रदान गरी उत्प्रेरित गर्न, भ्रष्टाचार र अनियमितताको अन्त्य गरी मितव्ययीताका साथ सुशासनका मुल्य मान्यतालाई अंगिकार गर्दै सरकार सञ्चालन गर्न, राष्ट्रियतामा देखा परेका चुनौतीको सामना गर्दै राष्ट्रियताको संरक्षण र सम्वर्धन गर्ने दिशामा सरकारको प्रभावकारी भूमिकाका लागि पूर्ण सफलताको कामना गर्दछ ।

२. अन्तर्राष्ट्रिय श्रम संगठनको संगठन स्वतन्त्रता सम्वन्धी अभिसन्धी र नेपालको संविधानले श्रमिक पेसाकर्मीहरुलाई ट्रेड युनियन खोल्न पाउने अधिकार प्रत्याभूत गरेको छ । बहुदलिय व्यवस्थामा राजनैतिक दलहरु झै श्रम क्षेत्रमा बहु युनियनहरु खडा हुन सक्ने मान्यतालाई आत्मसात गर्नु पर्दछ । अतः सामूहिक सौदावाजिका लागि सवै क्षेत्रमा शीघ्र आधिकारीक ट्रेड युनियनहरुको निर्वाचन गरेर आधिकारीक ट्रेड युनियनले मात्र माग दावी गर्न पाउने व्यवस्था गरी ट्रेड युनियनहरुको व्यवस्थापन गर्न, नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

३. नेपालको संविधानले श्रमिकको परिभाषामा शारिरिक एवं वौद्धिक श्रम गर्ने सवैलाई श्रमिक भनी स्पष्ट गरेको र यसै अनुरुप श्रम ऐन २०७४ मा वौद्धिक काम गर्ने पेसाकर्मीलाई समेत श्रमिक भनी परिभाषित गरेको हुँदा राष्ट्र सेवामा संलग्न निजामती कर्मचारी लगायत सवै कलमजीवी पेसाकर्मीहरुलाई वौद्धिक श्रमिकको रुपमा आत्मसात गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

४. नेपाली नागरिकलाई संविधानतः मतदान गर्ने अधिकार प्रदान गरेको छ तर गत निर्वाचनमा राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यस्थलवाट मतदान गर्न सरकार वाट वञ्चित गरिएको हुँदा यो वैठक राजनीतिक दल, नेपाल सरकार र निर्वाचन आयोगको गम्भिर ध्यानकर्षण गर्दछ र आगामी निर्वाचनहरुमा राष्ट्र सेवकहरुको मतदान गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न जोडदार माग गर्दछ ।

५. मुलुक संघीयतामा गई सकेको सन्दर्भमा प्रशासनिक पुनर्संरचना अन्तर्गत निजामती, स्वास्थ्य सेवा स्थानिय तह लगायतमा कार्यरत कर्मचारीलाई समायोजन गरी कर्मचारीको सेवालाई सुरक्षित गर्न र कर्मचारीको व्यवस्थापन गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

६. यो वैठक, संविधानले समाजवाद उन्मुख अर्थनीतिका साथ मुलुकको अर्थतन्त्र सञ्चालन गर्न दिशावोध गरेको छ र जनतालाई सार्वजनिक सेवा सहज, सरल ढंगले प्रदान गर्नु पर्ने दायित्व सरकारका सामु रहेको सन्दर्भमा सार्वजनिक संस्थानहरुको औचित्य झन वढ्दै गएको छ । निवर्तमान सरकारले गरेको नेशनल ट्रेडिङ्ग लि. लाई खारेज गर्ने निर्णय आपत्ति जनक छ । अतः सार्वजनिक संस्थाहरुको सुदृढिकरण र विस्तार गर्न नेपाल सरकार वाट वित्तिय लगानी गरी सार्वजनिक संस्थानहरुलाई व्यवसायिक तवरले सञ्चालन गर्न माग गर्दछ ।

७. सार्वजनिक विद्यालय क्षेत्रमा लामो समयदेखि अस्थायी र राहतका नाममा शिक्षक, कर्मचारीहरु कार्यरत छन् यसरी कार्यरत शिक्षक कर्मचारीहरुको संख्यालाई दरवन्दी कायम गरी स्थायी तवरले पदपूर्ती गरी अस्थायी, करार र राहतका समस्या सँधैका लागि समाधान गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

८. अन्तर्राष्ट्रिय श्रम मापदण्ड अनुरुप श्रमिक कर्मचारीको सेवा प्रवेश देखि अवकास सम्म नेपाल सरकारवाट एकरुपताको नीति लिई विशेषतः निजामती, संस्थान, वैंक लगायतका सेवामा एकद्वार अवकास नीति अवलम्वन गर्न माग गर्दछ ।

९. पेसागत महासङ्घ नेपालका उपाध्यक्ष उदया शर्मा राष्ट्रिय सभा सदस्यमा, उपमहासचिव पूर्णा जोशी ७ नं प्रदेश सभा सदस्यमा, क पुष्पा कर्ण र क रेखा कुमारी झा प्रतिनिधि सभा सदस्यमा, क डा. रामकुमार अधिकारी र क देवकी श्रेष्ठ ३ नं प्रदेश सभा सदस्यमा, क सरिता खड्का र क होमकुमारी सांवा १ नं प्रदेश सभा सदस्यमा र क कौशिलावती खत्री कर्णाली प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको छ । यसै गरी प्राध्यापक, शिक्षक, स्वास्थ्य र स्थानिय तहमा कार्यरत अन्य पेसामर्कीहरु पनि प्रतिनिधि सभा एवं प्रदेश सभामा निर्वाचित हुनुभएकोमा यो वैठक हार्दिक बधाई ज्ञापन गर्दछ र सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछ ।

धन्यवाद !

२५ फाल्गुण, २०७४

विष्णु लामिछाने
महासचिव